मल्लरानी गाउँपालिका

# स्थानीय राजपत्र

मल्लरानी गाउँपालिकाद्वारा प्रकाशित

वर्ष ४ मल्लरानी, असोज ६ गते, २०७७ साल (अतिरिक्तांक ३)

## भाग–२

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को त (२, ३ र ६) नं. तथा दफा १०२ को (२) बमोजिम गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# ज्येष्ठ नागरिक कल्याण र व्यवस्थापन समिति गठन कार्यविधि, २०७७

कार्यपालिकाबाट पारित मिति : २०७७/०६/०६

**प्रस्तावना :**

मल्लरानी गाउँपालिकाभित्रका ज्येष्ठ नागरीकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्ने, निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवलाई सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आधार तथा सद्भाव अभिवृद्धि गर्नका लागि मल्लरानी गाउँपालिकास्तरीय ज्येष्ठ नागरिक कल्याण र व्यवस्थापन समिति गठन गरी कार्य सञ्चालन गर्न बाञ्छनीय देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को त (२, ३ र ६) नं. तथा दफा १०२ को(२) बमोजिम मल्लरानी गाउंकार्यपालिकाले ज्येष्ठ नागरिक कल्याण र व्यवस्थापन समिति गठन कार्यविधि २०७७ जारी गरेको छ ।



Scanned with CamScanner

## परिच्छेद- १

**प्रारम्भिक :**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नाम "ज्येष्ठ नागरिक कल्याण र व्यवस्थापन समिति गठन कार्यविधि, २०७७" रहेको छ ।

२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) "ज्येष्ठ नागरिक" भन्नाले साठी वर्ष उमेर पूरा गरेका नेपाली नागरिक सम्झनुपर्छ ।

ख) "गाउँपालिका" भन्नाले मल्लरानी गाउँपालिका सम्झनुपर्छ ।

ग) "कार्यविधि" भन्नाले मल्लरानी गाउँपालिकाको पालिकास्तरीय ज्येष्ठ नागरिक कल्याण र व्यवस्थापन समिति गठन कार्यविधि २०७७ लाई सम्झनुपर्छ ।

घ) "समिति" भन्नाले मल्लरानी गाउँपालिकाको पालिकास्तरीय ज्येष्ठ नागरिक कल्याण र व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

ङ) "सञ्जाल" भन्नाले मल्लरानी गाउँपालिकाको पालिकास्तरीय ज्येष्ठ नागरिक सञ्जाललाई सम्झनुपर्छ ।

## परिच्छेद २

**३. ज्येष्ठ नागरिक कल्याण र वयवस्थापन समितिको गठन :**

१) मल्लरानी गाउँपालिकाभित्रका ज्येष्ठ नागरिकहरुको हक र अधिकार सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न गाउँपालिकास्तरीय ज्येष्ठ नागरिक कल्याण र व्यवस्थापन समिति रहनेछ ।

२) समितिको गठन देहाय वमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| १. | गा.पा. उपाध्यक्ष | - संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ३. | सामाजिक बिकास समिति संयोजक | - सदस्य |
| ४. | पालिका स्तरीय ज्येष्ठ नागरिक संजालका अध्यक्ष | - सदस्य |
| ५. | ज्येष्ठ नागरीक हेर्ने संघ संस्थावाट गा.पा. अध्यक्षले तोकेको प्रतिनिधि | - सदस्य |
| ६. | कार्यपालिकाले तोकेको महिला सहित २ जना सदस्य | - सदस्य |
| ७. | स्वास्थ्य शाखा | - सदस्य |
| ८. | महिला शाखा | - सदस्य सचिव |

**४. ज्येष्ठ नागरिक कल्याण समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) मल्लरानी गाउँपालिकाभित्रका ज्येष्ठ नागरिकहरुको लगत संकलन गर्ने, अभिलेख राख्ने र लगत तथा अभिलेखको अद्यावधिक गर्ने ।

(ख) ज्येष्ठ नागरिकहरुको संरक्षण र सामाजिक सुरक्षाको निमित्त चेतना अभिवृद्धि गर्ने, गराउने ।

(ग) ज्येष्ठ नागरिकहरुको हक, हित र अधिकारका लागी मल्लरानी गाउँपालिकास्तरीय



Scanned with CamScanner

सरोकारवाला निकाय बिच समन्वय गर्ने र ज्येष्ठ नागरिकको क्षेत्रमा काम गर्न उत्प्रेरित गर्ने ।

(घ) ज्येष्ठ नागरिकको अधिकार हनन् भएका घटनाहरुका सम्बन्धमा जानकारी प्राप्त गर्ने र कानूनी कारवाहीमा आवश्यक सहयोग गर्ने ।

(ङ) मल्लरानी गाउँपालिकाभित्रका ज्येष्ठ नागरिकहरुको संरक्षण र सामाजिक सुरक्षा गर्ने योजना तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि कार्यपालिका समक्ष पेश गर्ने ।

(च) गाउँपालिकास्तरीय ज्येष्ठ नागरिक संजाललाई प्रवचनात्मक मनोरञ्जनात्मक एवंम अध्ययन चिन्तन, भिडियोग्राफी निमार्ण, सामाजिक जनचेतना, लगायत आफ्नो पक्षमा वकालत गर्ने मञ्चको रुपमा विकास गर्ने ।

(छ) ज्येष्ठ नागरिकहरुको उचित आदर सम्मान र सेवा दिन कार्यक्रम संचालन गर्ने ।

ज) ज्येष्ठ नागरिक कोष स्थापना गर्ने ।

झ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

**४. समितिको बैठक सम्वन्धी व्यवस्था**

१. संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको वैठक बस्नेछ ।

२. कम्तिमा चार महिनाको एक पटक बैठक बस्नेछ । समितिको सचिवले बैठक बस्ने मिति, समय र स्थान तोकी वैठक बस्ने समय भन्दा २४ घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनुपर्नेछ र बैठक आवश्यक परेको खण्डमा जुनसुकै बेला पनि बस्न सक्नेछ ।

३. समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

४. समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

५. समितिले आवश्यकताअनुसार सम्वन्धित निकायका प्रतिनिधि वा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद ३

**५. मल्लरानी गाउँपालिकास्तरीय ज्येष्ठ नागरिक सञ्जाल गठन :**

क) गाउँपालिकामा कम्तीमा सात सदस्यीय मल्लरानी गाउँपालिकास्तरीय ज्येष्ठ नागरिक सञ्जाल रहनेछ ।

ख) सञ्जालमा पालिकाका प्रत्येक वडाको प्रतिनिधित्व हुने गरी प्रत्येक वडाबाट कम्तिमा एकजना सदस्य हुनेछन् ।

ग) प्रत्येक वडाबाट प्रतिनिधित्व गरेका ज्येष्ठ नागरिकहरुले आफूहरुमध्येबाट सञ्जालको अध्यक्ष छनौट गर्नेछन् ।

घ) सञ्जाल गठन गर्दा समावेशी हुनपर्नेछ ।

ङ) सञ्जालको गठन देहाय बमोजिम हुनेछ ।

१. - अध्यक्ष

२. - उपाध्यक्ष

३. - सचिव

४. - सह सचिव



Scanned with CamScanner

५. - कोषाध्यक्ष
६. - सदस्य २ जना

६. **सञ्जालको काम, कर्तव्य र अधिकार :** सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

क) ज्येष्ठ नागरिकको संरक्षण, समामाजिक सुरक्षा लगायतका विषयमा गाउँपालिकालाई सल्लाह सुझाव दिने ।

ख) गाउँपालिकाले ज्येष्ठ नागरिक लक्षित कार्यक्रम संचालन गर्दा सहयोग एवं सहजीकरण गर्ने ।

ग) गाउँपालिका क्षेत्रभित्र कुनै ज्येष्ठ नागरिकको हक अधिकार प्रतिकूल हुने कुनै कार्य भएको थाहा पाएमा आवश्यक कारबाहीको लागि गाउँपालिकालाई जानकारी गराउने ।

घ) ज्येष्ठ नागरिकहरुका लागि हित हुने खालका कार्यक्रमहरु सञ्चालन गर्ने ।

७. **प्रत्येक वडामा वडास्तरीय ज्येष्ठ नागरीक सञ्जाल गठन हुनेछ-**

क) सञ्जाल गठन गर्दा समावेशी हुनपर्नेछ ।

ख) सञ्जालको गठन देहाय वमोजिम हुनेछ ।

१. - अध्यक्ष
२. - उपाध्यक्ष
३. - सचिब
४. - सह सचिब
५. - कोषाध्यक्ष
६. - सदस्य २जना

८. **बैठक भत्ता :** यस समिति संयोजक र सदस्यहरुले सो समितिको बैठकमा भाग लिए बापत गाउँपालिका को नियमानुसार यातयात र खाजा खर्च पाउनेछन ।

९. **प्रतिवेदन पेश गर्ने :**

समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन सम्वन्धित निकायमा पेश गर्नु पर्नेछ ।

१०. **विविध :**

यो कार्यविधि लागु हुनुभन्दा पहिला भएगरेको कार्यहरु यसै वमोजिम भएको मानिनेछ ।

आज्ञाले,
शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner